# पौवादुङमागाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय

च्याङ्ग्रे, भोजपुर
१ नं प्रदेश नेपाल


मितिः-२०७७ ।१०।२६

## सडक उपभोग तथा कृषि तथा वनपैदावार विक्रि निकासी कर संकलन सम्बन्धी
## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७/१०/२६)**

यस गाउँपालिका भित्र उत्पादन भई अन्यत्र विक्री प्रयोजनका लागि कृषि तथा वनपैदावार विक्रि निकासी कर संकलन गर्न चालु आ.व.को बाकी अवधिका लागि गाउँसभा तथा गाउँकार्यपालिकाले निर्धारण गरेको दर रेटमा कर संकलन गर्न ईच्छुक व्यक्ति वा फर्महरुलाई शिलबन्दी गोप्य दरखास्तका लागि आव्हान गरिएको छ ।

<u>शर्तहरुः-</u>

१. बोलपत्र सम्बन्धी कागजातको सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात) दिनभित्र, फर्मको हकमा चालु आ.व.को लागि नवीकरण गरेको इजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र एवं मु.अ.कर (भ्याट) दर्ता प्र.पत्र, आन्तरिक राजश्व विभागबाट प्राप्त कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र व्यक्तिको हकमा नागरिकताको प्रतिलिपी संलग्न गरि निवेदन दस्तुर बापत रु. १००० (एक हजार रुपैंया) फिर्ता नहुने गरि पौवादुङमा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट शिलबन्दी दरभाउ पत्रको आवेदन फारम प्राप्त गरि दरभाउ उल्लेख गरि पेश गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउ पत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजानिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलको दिन कार्यालय समयभित्र खरिद तथा दर्ता गर्न सकिने छ ।

३. शिलबन्दी दरभाउ सम्बन्धी विवरणः

| बोलपत्र नं. | कामको विवरण | न्यूनतम कबोल अंक | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| ०७७/७८-१ | कृषि तथा वनपैदावार विक्रि निकासी कर संकलन | रु. ७०,००० (अक्षेरुपी सत्तरी हजार रुपैया मात्र) | रु १७५०(एक हजार सात सय पचास रुपैया मात्र) | उक्त धरौटी बापतको रकम गाउँपालिकाको धरौटी खाता नं ग ३.१ पौवादुङमा गा.पा धरौटी खाता ०६६०१४००२५००५४ मा जम्मा गर्नु पर्नेछ |

४. यस संग सम्बन्धित अन्य कुराहरु सार्वजानिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र पौवादुङमा गाउँपिकाको स्थानीय सार्वजानिक खरीद नियमावली, २०७६ बमोजिम हुनेछ ।

५. शिलबन्दी दरभाउ पत्रको अन्य व्यवस्था गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत